**ट्रेकिंग एजेन्सिज् एसोशिएसन अफ नेपाल (टान) को वर्तमान कार्यसमिति ले १०० दिन पुरा गरेको अवसरमा जारी**

**टान श्वेत-पत्र**

**पौष ११, २०७६**

क) **सामान्य परिचयः**

वि.स. २०३२ बैशाख १९ गते नेपालको पर्यटन क्षेत्रमा एउटा त्यस्तो नौलो सोचको विकास भयो जहाँ ९ वटा ट्रेकिंग कम्पनीहरुले आफु बीचमा रहेका समान उद्देश्य प्राप्तीका लागि एउटै संस्था निर्माण गर्ने र आफ्ना भनाइहरु उजागर गर्न कटिबद्ध रहे । तत्कालिन अवस्थामा रहेका ९ वटा ट्रेकिंग कम्पनीहरुले तदर्थ समितिको रुपमा कार्य गरी अघि वढदै जाँदा वि.स. २०३५ सालमा आएर पदयात्रा व्यवसायीहरुको एक मात्र छाता संगठन टानले वैधानिक आकार ग्रहण गरेको थियो ।

वैधानिक आकार प्राप्त गरे पश्चात विभिन्न आरोह, अवरोह र असंख्या चुनौतिहरुको सामना गर्दै आज यो अवस्था सम्म आइपुगेको छ । चार दशक भन्दा बढि लामो इतिहास बोकेर आगाडि बढेको यस संघमा १८ जना अध्यक्षहरुले संघको नेतृत्व गरिसक्नु भएको छ ।

**संस्थाको मुख्य उद्देश्य :** ट्रेकिङ्ग एजेन्सिज्हरुको हितलाई ध्यानमा राखी ट्रेकिङ्ग एजेन्सीलाई दिइने सुविधा लगायत पदयात्रा, हिमाल आरोहण तथा अन्य पर्वतिय पर्यटनका गतिविधिहरुको सेवा संचालन सम्बन्धी ऐन, नियम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक राय सल्लाह दिनुको साथै संघको कार्य क्षेत्र भित्र पर्ने पर्यटन गतिविधिहरुलाई नियमित, सुव्यवस्थित र सरल गर्न आवश्यकता अनुसार सम्बन्धित निकायको स्वीकृति लिई प्रबन्ध गर्ने । पदयात्रा र हिमाल आरोहण लगायत साहसिक पर्वतिय पर्यटन गतिविधिहरुको व्यवसाय संचालन गरी स्वदेशी तथा विदेशी पर्यटनहरुलाई आवश्यक सेवा प्रदान गर्न ट्रेकिङ्ग एजेन्सीहरुको हक, हित तथा अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै साहसिक तथा पर्वतीय पर्यटनको सेवालाई अझ व्यवस्थित र विस्तारित रुपमा देश विदेशमा प्रबर्द्धन गरी राष्ट्रको दिगो पर्यटन विकासको कार्यमा नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याउने हेतुले यस ट्रेकिङ्ग एजेन्सीज् एशोसिएशन अफ नेपाल (टान) को स्थापना गरिएको हो ।

काठमाण्डौं महानगरपालिका, मालिगाउँ स्थित, वडा नं. ५ मा विगत १८ वर्षदेखि आफ्नै भवनमा संघको सचिवालय स्थापना गरि रहि दैनिक प्रशासनिक कार्य लगायत संघका गतिविधिहरुलाई अगाडि बढाउदै आइरहेको छ । वर्तमान अवस्थामा संघमा १७३५ साधारण सदस्यहरु र ७ एशोसिएट सदस्यहरु आवद्ध छन् । टान पश्चिमाञ्चल क्षेत्रीय संघ पोखरामा १५५ जना साधारण सदस्यहरु छन् । एक गैर नाफामुलक संस्था जस्को मुख्य आर्थिक श्रोत भनेकै सदस्यता शुल्क मात्र हो । नियमित कार्यक्रमकासाथै अन्य विशेष कार्यक्रमहरु सञ्चालन गर्न संघले विभिन्न श्रोतहरु खोजी गरि कार्य सम्पादन गर्दै आइरहेको छ ।

संघको विधान अनुसार प्रत्येक २।२ वर्षमा नयाँ नेतृत्वको चयन हुने गर्दछ । ८ जना निर्वाचित पदाधिकारीहरु ९ जना निर्वाचित सदस्यहरु, १ जना निवर्तमान अध्यक्ष–सदस्य, १ जना टान पश्चिमाञ्चल क्षेत्रीय संघ पोखराका अध्यक्ष – सदस्य र ६ जना मनोनित सदस्यहरु गरि जम्मा २५ जनाको कार्यकारिणी समिति रहने व्यवस्था छ । मिति २०७६ भाद्र २० गते सम्पन्न संघको ४१ औं वार्षिक साधारण सभा एवं निर्वाचनबाट यस वर्तमान कार्यकारीणी समितिको चयन भएको छ ।

ख) **संघको आफ्नै भवनः**

- सन् २००० भन्दा अगाडि संघको आफ्नै भवन थिएन । विभिन्न समयमा यस संघमा नेतृत्व समाल्नु भएका पूर्व हाम्रा अध्यक्ष ज्यूहरुले भाडामा नै रहेर टानको सचिवालय सञ्चालन गरि टानका गतिविधिहरुलाई अगाडि बढाउनु भयो । पूर्व अध्यक्ष स्व.पेम्बा छिरिङ्ग शेर्पाज्यूबाट भवनको लागि विभिन्न ठाउँमा जग्गा हेर्ने कार्य व्यापक रुपमा भएको थियो ।
- सन् २००१ मा अध्यक्ष श्री सुमन पाँडे ज्यूले संघको नेतृत्व समालेसँगै सचिवालय भवनको आवश्यकता महसुस गरि टानको भवन निर्माणका लागि वर्तमान कार्यसमितिका पदाधिकारी एवं सदसस्यहरुको सहयोग लिएर विभिन्न ठाउँमा जग्गा हेर्ने काम भयो ।

- कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुले विभिन्न ठाउँमा जग्गा हेर्ने कार्य भयो । कतै जग्गा महांगो भयो त कतै सानो क्षेत्रफल, कतै पायक नपर्ने ठाउ थियो । संघको खातामा तत्कालिन अवस्थामा रु. २०,००,०००।– जति रकम थियो ।
- टानको सचिवालय रहेको हालको ठाउँलाई तत्कालीन कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुले रुचाएको, यसको वरपर नै एनएमए, हान,एचआरए, को भवन रहेकोले संघको सचिवालय यसैको सेरोफेरोमा हुदा बैठकमा सहभागिता जनाउन सजिलो हुने, साथै ठमेल र एयरपोर्ट पनि नजिकैको दुरीमा रहेकोले मालीगाउमा अवस्थीत ०–७–२–० सात आना दुई पैसाको जग्गा भवनको लागि उपयुक्त स्थान हुने निर्क्योल गरि यो जग्गाको लागि मोल तोल गर्ने कार्य भयो ।
- ०–७–२–० को जग्गा रु.२१,३६,५००।–मा खरिद गर्ने कार्य तत्कालीन कार्यसमितिबाट भयो । आफ्नै कार्यकालमा नै संघको भवन निर्माण जसरी भए पनि सम्पन्न गर्ने तर्फ तत्कालीन कार्यसमितिका पदाधिकारी ज्यू एवं सदस्यहरु ज्यूहरु तल्लीन हुनु भयो ।
- कोषमा रहेको सम्पूर्ण रकमले जग्गा खरिद गरे पश्चात सचिवालयको प्रशासनिक खर्च, टानका नियमित कार्यक्रमहरु, कर्मचारीहरुको तलब लगायत अन्य खर्चहरु प्रभावित नहुने गरि कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुले आफ्नो स्वइच्छाले आर्थिक संकलनको लागि Basket fund संचालन गरियो । भवन निर्माणको लागि लाग्ने खर्च विभिन्न संघ संस्था तथा हाम्रा साधारण सदस्य ज्यूहरुबाट संकलन गर्ने कार्य गरियो । साथै तत्कालीन कार्यसमितिबाट पनि आर्थिक सहयोग प्राप्त भयो ।
- भवन निर्माणको लागि इन्जिनियर तथा consultant को लागि कोटेशन माग गर्दा न्यूनतम लागतमा standard को टानको भवन निर्माण गर्नु पर्ने, भरपर्दो र विश्वासीलो इन्जिनियर तथा consultant उचित पारिश्रमिकमा दिनु पर्ने अवस्था थियो । यसै कममा कोटेसन विभिन्न ठाउबाट माग गरियो । Space Model Architects P. Ltd. Consulting Architects & Engineers को कोटेशन न्यूनतम लागतको भएकाले यसै मार्फत टान भवन निर्माण गराउन जिम्मा दिने निर्णय कार्यसमितिबाट भयो । साथै तत्कालीन कार्यसमितिबाट प्रथम उपाध्यक्ष श्री बन्दि निमा शेर्पा ज्यूलाई भवन निर्माणको संयोजक समेत तोक्ने कार्य भयो ।
- सचिवालय संचालन गर्न तथा गतिविधिहरु सञ्चालन गर्न विभिन्न आर्थिक श्रोतको खोजी गर्ने कार्यहरु गरियो । टान ल्होसार कार्यक्रमलाई फन्डरेजको कार्यक्रमको रुपमा संघले लिदै आएकोमा उक्त समयमा टानलाई ४ लाख जति आम्दानी भएको थियो । त्यसै गरि इकोट्रेकिंग वर्कसप, गाईड तालिम लगायत अन्य गतिविधिबाट टानको कोषमा रकम जम्मा गर्ने कार्य गरियो ।
- भवन निमार्णको लागि रु. ३०,००,०००।– (तीस लाख) लाग्ने भएकाले नेपाल इन्भेष्टमेण्ट बैंक लि. बाट रु. ३० लाख रकम टानको लाल पुर्जा धितो राखी ऋण लिने कार्य भयो ।
- २ वर्षे कार्यकालमा टानका विभिन्न गतिविधिहरुलाई निरन्तरता दिंदै भवन निर्माण कार्यलाई तिब्र रुपमा सम्पन्न गर्न तत्कालीन कार्यसमिति हरतरहले लागि पर्‍यो । सो समयमा संघ २५ वर्षमा प्रवेश गरेको थियो । संघको रजत जयन्ती भव्यताकासाथ मनाउने कार्य पनि गरिएको थियो ।
- भवन निर्माण कार्य सम्पन्न भएसंगै नयाँ कार्यसमितिको चयन गर्ने चुनावको चहल पहल सुरु भयो ।
- श्री दिपक महत ज्यूको अध्यक्षतामा टानको नयाँ कार्यकारीणी समितिको चयन भयो । वहाँको कार्यकालमा संघको भवन फर्निसिङ गर्ने कार्यलाई तिव्रता दिइयो । संघको विधिवत रुपमा उद्घाटन गर्ने कार्यलाई थाति राख्दै भवन बनाउन लिएको ऋण चुक्ता गर्ने कार्य तर्फ तत्कालीन कार्यसमिति केन्द्रीत रहयो । सिमित साधन एवं श्रोतका बावजुत संघले नियमित गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिंदै भव्यताका साथ २५ औं वर्ष गाँठको समान समारोह पनि आयोजना गर्‍यो ।
- श्री नरेन्द्र वि.सी ज्यूको अध्यक्षतामा नयाँ कार्यकारीणी समितिको चयन भयो । टानले नेपाल इन्भेष्टमेन्ट बैंकबाट लिएको ऋण यस वर्तमान कार्यसमितिको समयमा आएर चुक्ता भयो । ऋण मुक्त भए पश्चात मात्र संघको भवनको विधिवत रुपमा तत्कालीन पर्यटन मन्त्री माननिय पृथ्वी सुब्बा गुरुङ ज्यूबाट उद्घाटन कार्य भव्यताकासाथ गरियो र नेपाल इन्भेस्टमेन्ट बैंकमा रहेको संघको लालपूर्जा संघमा ल्याइयो ।
- वर्तमान अवस्थासम्म आईपुग्दा भवनको निर्माण सम्पन्न भए बमोजिम नक्सा पास हुन सकेको छैन् । विभिन्न सयममा नेतृत्व गर्नु हुने अध्यक्ष ज्यूहरुले यो कार्यलाई पुरा गर्न खोज्नु भएको थियो । निर्माण सम्पन्न गर्दा लागेको खर्चदेखि बाहेक अन्य थप

खर्च वडाँबाट माग भएको हुँदा थप अतिरिक्त शुल्क विना नै संघको निर्माण सम्पन्न गराउने तर्फ नै कार्यसमिति लाग्यो । समय वित्तै जाँदा घरको कर, जग्गाको कर समयमा नै बुझाउन नसकेकोले विलम्ब शुल्कका साथै घर तथा जग्गाको कर तिर्ने कार्य अध्यक्ष श्री चन्द्रप्रसाद रिजाल ज्यूको पालामा गरियो ।

- भुकम्प पछि नयाँ मापदण्ड कायम भयो । निर्माण गरेको भवनको निर्माण सम्पन्न कागजात लिन झन जटिल भयो । पुरानै मापदण्डमा बनेको घरलाई पछिल्लो समय सम्म आईपुग्दा निर्माण सम्पन्न गराउन झन थप रकमका साथै विलम्ब शुल्कले गर्दा बढि हुने भयो र हाल सम्म पनि धेरै प्रयासको बाबजुद नक्सा पास र निर्माण सम्पन्नको प्रमाण पत्र लिन सकिएको छैन् । यो हामी सबैको टानका सदस्यहरुको चिन्ता र चासोको विषय हो । यो समस्यालाई समाधान गर्न प्रयास जारी रहेको छ ।

ग) **संस्था नविकरणः**

विगत २ वर्षदेखि संस्था नविकरण भएको छैन् यो हामी सबैको लागि दुःखको कुरा हो । आ.व. २०७४।०७५ सम्मको नविकरण भएको छ । आ. व. २०७५।०७६ , आ.व.२०७६।०७७ को भएको छैन् । वर्तमान अवस्थामा कर चुक्ता नगरिकन संस्था नविकरण नहुने नयाँ नियमका कारण संस्था नविकरण हुन सकिरहेको छैन् । टान र टिम्स तर्फको लेखापरिक्षण प्रतिवेदन एकै ठाउँमा गरिएको र टिम्स तर्फ करोडौंको आम्दानी देखिएको छ, उक्त आम्दानीमा कर तिर्नु पर्ने हुन्छ जुन आम्दानी टानको होईन । कर नतिरेकै कारण संघबाट गरिने सबै प्रशासनीक, कानुनी तथा प्राविधिक कार्यहरुमा असर पर्न गएको र अवरोधहरु सृजना भएका छन् । संघले तीर्नु पर्ने सबै करहरु

तिरी संघलाई गतिसिल बनाउन अत्यावशक भएकाले ऋण लिएर भए पनि कर तिर्ने तयारीमा वर्तमान कार्यसमिति रहेकोछ । ४० औं वार्षिक साधारण सभाबाट पारित संघको संशोधित विधान जिल्ला प्रशासन कार्यालयमा स्वीकृतको लागि पेश गरिएको छ ।

घ) **टिम्स सम्बन्धमाः**

- नेपाल सरकारको निर्देशन अनुसार नेपाल पर्यटन बोर्ड र ट्रेकिंग एजेन्सिज् एशोसिएसन अफ नेपा (टान) को सहकार्यमा सन् २००८ जनवरी १ देखी Trekkers' Information Management System (TIMS) कार्यान्वयनमा आएको हो । टानको अवधारण अनुरुप पदयात्रीहरुको सुरक्षाको लागि टिम्स ल्याइएको हो । टिम्सको प्रभावकारी कार्यान्वयन गर्ने/गराउने तर्फ नेपाल पर्यटन बोर्ड र टान बीच सम्झदारी–पत्रमा हस्ताक्षर भई विगत ११ वर्षदेखि टिम्स सम्बन्धी कार्यहुदै आएको छ ।

- सम्झौता अनुरुप विभिन्न पदयात्रा क्षेत्रमा पदयात्रीहरुकै Safety र Security लागि टिम्स चेक पोष्टहरु स्थापना गरिने भनिएता पनि वर्तमान अवस्थामा वेशीसहर, तातोपानी, विरेठाटी, घम्पुस ठाउँहरुमा मात्र टिम्स चेकपोस्टहरु सञ्चालनमा छन् ।

- केही स्थापित टिम्स चेकपोष्टहरु (खुम्बु– छुमुवा, धुन्चे, जोमसोम र चिसापानी) मा बन्द गरिएको छ । छुमुवामा खुम्बुपासाङ ल्हामुका कारण, जोमसोम र धुन्चेमा स्थानीयहरुको असहयोगका कारण र चिसा पानीमा महाभूकम्पका कारणले बन्द भएका छन् ।

- वर्तमान अवस्थामा खुम्बु पासाङ ल्हामुले पर्यटकहरुबाट जबरर्जस्ति उठाएको शुल्क तत्काल बन्द गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत निर्देशन दिएको छ तर पनि अख्तियारको निर्देशनको पालना भएको छैन् । त्यसै गरि धुन्चेमा बन्द भएको चेकपोस्ट राख्न सम्बन्धित नियकासँग पहल भइरहेको छ ।

- प्रदेश नं. १ को पदयात्रा क्षेत्रहरुमा पनि टिम्सको चेकपोस्ट राख्ने योजना रहेकोमा हाललाई खादबारी र मकालु क्षेत्रमा राख्नको लागि सम्बन्धित ठाउँका प्रमुख जिल्ला अधिकारीहरुलाई पत्राचार गरिसकेको छ ।

- यति लामो समय वितिसक्ता पनि टिम्स कार्ड अनलाईन पद्धतिबाट वितरण गर्न सकिरहेको छैन । प्रविधिको व्यापक विकास भएको आजको युगमा टिम्स कार्डको वितरण अनलाईन मार्फत हुनु पर्छ भन्ने हाम्रो माग रहेको र आजको आवश्यकता पनि हो । नेपाल पर्यटन बोर्डलाई अनलाईन पद्धती सिघ्र कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।

- नेपाल पर्यटन बोर्ड र टान बीच भएको सम्झौता अनुसार TIMS को रकम मध्ये ३० (तीस) प्रतिशत टानको संस्थागत खातामा, ३० (तीस) प्रतिशत बोर्डको संस्थागत खातामा, ३० (तीस) प्रतिशत रकम बोर्ड र टानको संयुक्त कोषमा, १० (दश) प्रतिशत रकम मजदुरहरुको कल्याणकारी कोषमा राख्नु पर्ने हुन्छ । तर विगत ५ वर्षदेखि टानले सम्झौता अनुरुप पाउनु पर्ने रकम पाएको छैन । यसको कारणले गर्दा उच्च हिमाली क्षेत्रमा कार्यरत पदयात्रा सहयोगीहरुलाई उद्धार गर्दा लागेको

हेलिकप्टरको खर्च, औषधोपचार खर्च, टिम्स तर्फको प्रशासनिक खर्च, कर्मचारीहरुको तलब लगायत नयाँ नयाँ गन्तव्यहरुको खोज अनुसन्धान तथा प्रवर्द्धनका कार्यहरु प्रभावित भएका छन् ।

- टानले सम्झौता अनुरुप पाउनु पर्ने रकमको लागि सम्बन्धित निकायमा पटक पटक पहल गर्दा समेत कुनै पनि निकायले चासो देखाएको छैन् । समय सापेक्ष टान र नेपाल पर्यटन बोर्ड बीच गरिएको पछिल्लो सम्झौतालाई पुनरावलोकन गर्नु पर्ने भए त्यसमा टान सधै तयार छ ।
- FIT TIMS पूर्ण रुपमा बन्द गरी ग्रुप टिम्सलाई मात्र कार्यान्वयनमा ल्याउनु पर्ने हाम्रो माग रहेकोले यसलाई पनि सिघ्र कार्यान्वयनमा ल्याउन टानले पहल गरिरहेको छ ।

ङ) **टान तर्फ र टिम्स तर्फका कर्मचारीहरु सम्बन्धमाः**

- टान केन्द्रमा सचिवालय हाल ८ जना कर्मचारीहरु कार्यरत छन् त्यसै गरि पश्चिमाञ्चल क्षेत्रीय संघ पोखरामा १ जना कार्मचारी कार्यारत छन् ।
- टिम्स तर्फ २५ जना कार्मचारीहरु कार्यरत छन् । टान केन्द्रको टिम्स शाखामा ८ जना, ठमेल काउण्टरमा ४ जना, पश्चिमाञ्चल क्षेत्रीय संघ पोखराको टिम्स काउण्टरमा ५ जना, वेसीशहर चेक पोस्टमा २ जना, तातोपानी चेकपोस्टमा २ जना, विरेठाटी चेकपोस्टमा २ जना र धम्पुस चेक पोस्टमा २ जना रहेका छन् ।

च) **विभिन्न बैंकमा रहेको टान तर्फको खातामा जम्मा रकम :**

**Trekking Agencies' Association of Nepal (TAAN)**

**10 Poush 2076**

| **Bank Details** | **Closing Amount** |
|---|---|
| Bank Of Kathmandu Ltd. | 678,901.53 |
| Sunrise Bank Ltd Current | 192,420.26 |
| Sunrise Bank Ltd Call | 5,000.00 |
| Nepal Bank | 3,156.37 |
| Mega Bank | 624,726.22 |
| Prabhu Bank | 12,175.83 |
| Nepal Investment Bank | Record not found due to Tax certificate & Signature Problem |
| Nabil bank | Record not found due to Tax certificate & Signature Problem |
| | 1,516,380 |

| **Cash & Cheque Details** | | **Total Bank Deposit** |
|---|---|---|
| Cash in Hand | | |
| Cheque in hand | 499,197.00 | |

छ) **विभिन्न बैंकमा रहेको टिम्स तर्फको खातामा जम्मा रकमः**

| | | |
|---|---|---|
| | **Trekkers Information Management System-** | |
| | **25-12-2019(2076-09-09)** | |
| | **Cash In Hand Details** | |
| **SN** | **Particular** | **Amount** |
| **1** | **Maligaun** | **351,000.00** |

| | | |
|---|---|---|
| 2 | **Thamel** | **672,900.00** |
| 3 | **Pokhara** | **400,000.00** |
| | **Total** | **1,423,900.00** |
| | | |
| | **Particular** | |
| | **Bank Balance Details** | |
| 1 | **Machhapuchhre Bank** | **2,262,838.69** |
| 2 | **Bank Of Kathmandu** | **3,950,407.81** |
| 3 | **Sunrise Bank** | **20,966.49** |
| 4 | **Siddhartha Bank** | **70,935.00** |
| 5 | **JantaBank** | **5,750.00** |
| 6 | **Mega Bank** | **2,559.94** |
| | **Total** | **6,313,457.93** |
| | | |
| | **Total credit Purchase from NTB** | **Amount** |
| | | |
| | **22-09-2019** | **3,300,000.00** |
| | **2/10/2019** | **3,900,000.00** |
| | **4/10/2019** | **12,050,000.00** |
| | **21/11/2019** | **3,000,000.00** |
| | **Total** | **22,250,000.00** |

ज) **टानको सम्पती विवरणः**

- काठमाडौ महानगरपालिका, वडा नं. ५ स्थित, मालिगाउँमा ०–७–२–० सात आना दुई पैसा जग्गामा संघको आफ्नै ३ तल्ले तेलिया इट्टाको भवन ।
- पश्चिमाञ्चल क्षेत्रीय संघ पोखराको वडा नं. ६, शान्तीपाटन स्थित, १३६.९० जग्गामा संघको आफ्नै कङक्रिटले बनेको २ तल्ले भवन ।
- Four wheeler Scorpio गाडी ।
- Four wheeler Maruti गाडी । (पुरानो)

**सचिवालयमा भएका जिन्सी सम्पतीहरुः**

TAAN Secretariat/ TIMS Department/ TIMS Counter- Thamel

| S. N. | Particular | Quantity | Secretariat | TIMS | Total | Remarks |
|---|---|---|---|---|---|---|
| 001. | Computer | 21Pieces | 14 Pieces | 7 Pieces | 21 Pieces | |
| 002. | Lap Top | 7 Pieces | 5 Pieces | 1 piece | 7 Pieces | 1 Piece Damage |
| 003. | I- Pad | 1 Piece | 1 Piece | ----------- | 1 Piece | G. R. Pant |
| 004. | Printer | 8 Pieces | 5 Pieces | 3 Pieces | 8 Pieces | |
| 005. | Color Printer | 2 Piece | 2 Piece | ----------- | 1 Piece | |
| 006. | Hard Disk | 3 Pieces | 2Piece | 1 Piece | 3 Pieces | |
| 007. | Mobile Set | 5 Set | 5 Set | ----------- | 5 Set | 2 Set Damage |
| 008. | Memory Card | 1 Piece | 1 Piece | ----------- | 1 Piece | |
| 009. | Nikkon Camera | 1 Piece | 1 Piece | ----------- | 1 Piece | Prakash Khadaka |
| 010. | Small Camera | 3 Pieces | -------------- | 3 pieces | 3 Pieces | 1 Damage, 2 Pieces use WFP |
| 011. | Photo Copy Machine | 1 Piece | 1 Piece | ----------- | 1 Piece | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 012. | EPBX System | 1 Set | 1 Set | ----------- | 1 Piece | |
| 013. | Fax Machine | 2 Pieces | 2 Pieces | ----------- | 2 Pieces | |
| 014. | Server CPU | 1 Set | -------------- | 1 Set | 1 Set | |
| 015. | Rauters | 9 Set | 7 Set | 2 Set | 6 Set | |
| 016. | Iron Safe Locker | 2 Pieces | --------------- | 2 Pieces | 2 Pieces | |
| 017. | Electric Attendances | 2 Pieces | 1 Pieces | 1 Pieces | 2 Pieces | |
| 018. | Telephone Set | 20 Set | 17 Set | 3 Set | 20 Set | |
| 019. | Satellite Phone | 2 Set | 2 Set | ----------- | 2 Set | SAMARTH Project |
| 020. | Projector | 1 Set | 1 Set | ----------- | 1 Set | |
| 021. | Voice Recorder | 5 Pieces | 1 Pieces | 4Pieces | 5 Pieces | |
| 022. | Vacuum Machine | 2 Set | 2 Set | ----------- | 2 Set | 1 Damage |
| 023. | Office Tray | 10 Pieces | 10 Pieces | ----------- | 10 Pieces | |
| 024. | Stapler Big & Medium | 6 Pieces | 4 Pieces | 2 Pieces | 6 Pieces | |
| 025. | Punching Machine | 12 Pieces | 9 Pieces | 3 Pieces | 12 Pieces | |
| 026. | U Shape Table | 1 Piece | 1 Piece | ----------- | 1 Piece | |
| 027. | Round Table | 2 Pieces | 2 Pieces | ----------- | 2 Pieces | |
| 028. | Wooden Table | 20 Pieces | 18 Pieces | 2 Pieces | 20 Pieces | |
| 029. | Iron Rack | 7 Pieces | 7 Pieces | ----------- | 7 Pieces | |
| 030. | Wooden Rack | 31Pieces | 26 Pieces | 5 Pieces | 30 Pieces | |
| 031. | Notice Board | 7 Pieces | 5 Pieces | 2 Pieces | 7 Pieces | |
| 032. | Steel & Iron Chair | 4 Pieces | 3 Pieces | 1 Piece | 4 Pieces | |
| 033. | Steel Chair Small | 5 Pieces | 5 Pieces | ----------- | 5 Piece | |
| 034. | Shopha Set | 9 Pieces | 7 Pieces | 2 Piece | 9 Pieces | |
| 035. | Steel Daraj | 4 Pieces | 4 Pieces | ----------- | 4 Pieces | |
| 036. | Wooden Daraj | 2 Pieces | 2 Pieces | ----------- | 2 Pieces | |
| 037. | Revaluing Chair | 17 Pieces | 11 Pieces | 6 Pieces | 17 Pieces | |
| 038. | Wooden Chair | 54 Pieces | 52 Pieces | 2 Pieces | 54 Pieces | |
| 039. | Coffee Table | 5 Pieces | 5Pieces | ----------- | 5 Pieces | |
| 040. | Extension Curd | 26 Pieces | 20 Pieces | 6 Pieces | 26 Pieces | |
| 041. | Electric Heater | 11 Pieces | 8 Pieces | 3 Pieces | 11 Pieces | |
| 042. | Electric Fan | 8 Pieces | 4 Pieces | 4Pieces | 8 Pieces | |
| 043. | A/ C | 2 Pieces | 1 Pieces | 1 Pieces | 2 Pieces | |
| 044. | Brass Vessels | 2 Pieces | 2 Pieces | ----------- | 2 Pieces | |
| 045. | Brass Puja Thal | 1 Piece | 1 Piece | ----------- | 1 Piece | |
| 046. | Copper Karuwa Small | 1 Piece | 1 piece | ----------- | 1 Piece | |
| 047. | Metal Water Jug | 2 Pieces | 2 Pieces | ----------- | 2 Pieces | |
| 048. | Electric Water Thurmos | 7 Pieces | 6 Pieces | 1 Pieces | 7 Pieces | 2 Pieces Damage |
| S. N. | Particular | Quantity | Secretariat | TIMS | Total | Remarks |
| 049. | Electric Jug | 2 pieces | 1 Piece | 1 Piece | 2 Pieces | |
| 050. | Steel Plates Big & Small | 30 Pieces | 30 Pieces | ----------- | 30 Pieces | |
| 051. | Steel Spoon | 24 Pieces | 24 Pieces | ----------- | 24 Pieces | |
| 052. | Steel Froke | 12 Pieces | 12 Pieces | ----------- | 12 Pieces | |
| 053. | Ceramic Bowl | 18 Pieces | 18 Pieces | ----------- | 18 Pieces | |
| 054. | Steel Tray Big & Small | 3 Pieces | 3 Pieces | ----------- | 3 Pieces | |
| 055. | Copper Tray | 1 Piece | 1 Piece | ----------- | 1 Piece | |
| 056. | Karahi Big & Small | 3 Pieces | 3 Pieces | ----------- | 3 Pieces | |
| 057. | Tea Pot | 5 Pieces | 5 Pieces | ----------- | 5 Pieces | |
| 058. | Water Glass | 48 Pieces | 48 Pieces | ----------- | 48 Pieces | |
| 059. | Gas Stove | 1 Set | 1 Set | ----------- | 1 Set | |
| 060. | Gas Cylinder | 3 Pieces | 3 Pieces | ----------- | 3 Pieces | |
| 061. | Steel Dekchi | 4 Pieces | 4 Pieces | ----------- | 4 Pieces | |
| 062. | Aluminum Dekchi | 3 Pieces | 3 Pieces | ----------- | 3 Pieces | |
| 063. | Water Jug | 2 Pieces | 2 Pieces | ----------- | 2 Pieces | |
| 064. | Water Bottle | 28 Pieces | 18 Pieces | 10 Pieces | 28 Pieces | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 065. | Water Jar & Pot | 4Pieces | 3 Pieces | 1 Pieces | 4 Pieces | |
| 066. | Iron Flower Stand | 6 Pieces | 6 Pieces | ----------- | 6 Pieces | |
| 067. | Diesel Generator Big | 1 Piece | -------------- | 1 Pieces | 1 Pieces | |
| 068. | Petrol Generator Small | 1 Piece | -------------- | 1 Pieces | 1 Piece | |
| 069. | Tent | 6 Pieces | 6 Pieces | ----------- | 6 Pieces | |
| 070. | Mattress | 11 Pieces | 11 Pieces | ----------- | 11 Pieces | |
| 071. | Inva Battery | 3 Pieces | 3 Pieces | ----------- | 3Pieces | Not working |
| 072. | Water Tank 1000 ltr | 1 Piece | 1 Piece | ----------- | 1 Piece | |
| 073. | Solar Pannel | 2 Set | 1 Piece | 1 Piece | 2 Pieces | |
| 074. | Slide Curtain | 24 Pieces | 19 Pieces | 5 pieces | 24 Pieces | |
| 075. | Clay Pot | 112 Pieces | 112 Pieces | ----------- | 112 Pieces | |
| 076. | Different Trekking Map | 4695 Pie. | 300 pieces | 4495 Piece | 4695 Piece | |
| 077. | Different Trekking CD | 953 pieces | 300 Pieces | 653 Pieces | 953 pieces | |
| 078. | Purchase Book | 85 Pieces | 85 pieces | -------------- | 85 pieces | |
| 079. | Aluminum Bata | 8 Pieces | 8 Pieces | ------------ | 8 Pieces | WFP Project |
| 080. | Aluminum Dekchi Huge | 30 Pieces | 30 Pieces | ------------ | 30 Pieces | WFP Project |
| 081. | Dinner Plates | 85 Pieces | 85 Pieces | ------------ | 85 Pieces | WFP Project |
| 082. | Chopstick | 11 Pieces | 11 Pieces | ------------ | 11 Pieces | WFP Project |
| 083. | Dadu | 9 Pieces | 9 Pieces | ------------ | 9 Pieces | WFP Project |
| 084. | FryPan | 4 Pieces | 4 Pieces | ------------ | 4 Pieces | WFP Project |
| 085. | Kettle | 4 Pieces | 4 Pieces | ------------ | 4 Pieces | WFP Project |
| 086. | Plastic Jug | 6 Pieces | 6 Pieces | ------------ | 6 Pieces | WFP Project |
| 087. | Knife | 15 Pieces | 15 Pieces | ------------ | 15 Pieces | WFP Project |
| 088. | Wire | 1 Roll | 1 Roll | ------------ | 1 Roll | WFP Project |
| 089. | Tarpaulin | 18 Pieces | 18 Pieces | ------------ | 5 Pieces | WFP Project |
| 090. | Sabel | 40 Pieces | 40 Pieces | ------------- | 40 Pieces | WFP Project |
| 091. | Pick | 25 Pieces | 25 Pieces | -------------- | 25 Pieces | WFP Project |
| 092. | TAAN Bag | 60 Pieces | 60Pieces | -------------- | 60 Pieces | |
| 093. | TAAN Logo | 2527Pieces | 2527 Pieces | -------------- | 2527Pieces | |
| 094. | TAAN Directory 2019 | 1450Pieces | 1450 pieces | ------------- | 1450 Pieces | |
| 095. | TAAN Diary 2019 | 80 Pieces | 80 Pieces | -------------- | 80 Pieces | |
| 096. | Cupper Karuwa | 5 Pieces | 5 Pieces | -------------- | 5 Pieces | Souvenir |
| 097. | Nepali Record File | 390 Pieces | 390 Pieces | -------------- | 390 Pieces | |
| 098. | Big Envelopment | 100 Pieces | 100 Pieces | -------------- | 100 Pieces | |
| 099. | Small Envelopment | 1000 Pieces | 1000 pieces | ------------- | 1000 Pieces | |
| 100. | Different Program photo Album | 165 Pieces | 165 Pieces | ------------ | 165 Pieces | |
| 101. | Wall Clock | 7 pieces | 4 Pieces | 3 Pieces | 7 Pieces | |
| 102. | TAAN Discovering Destination | 217Pieces | 217 Pieces | ------------- | 217 pieces | Printed |
| 103. | TAAN Leaf let | 200 Pieces | 200 Pieces | -------------- | 200 Pieces | Printed |
| 104. | TAAN Leaf let ( Old ) | 260 Pieces | 260 Pieces | -------------- | 260 Pieces | Printed |
| 105. | TAAN Pen | 10 Pieces | 10 Pieces | -------------- | 10 Pieces | Printed |
| 106. | Note Book | | | | | |

**वर्तमान कार्यसमितिका १०० दिने गतिविधिः**

१. ट्रेकिंग क्षेत्रमा रहेका विद्यमान नीतिगत समस्याहरु सुधारका लागि संस्कृति पर्यटन मन्त्री ज्यू तथा पर्यटन सचिव ज्यूलाई पदाधिकारी एवं सदस्य ज्यूहरुले भेटी सुझाव पेश गर्‍यो ।

२. टिम्सको आवश्यकता र औचित्य बारे पूर्व अध्यक्ष ज्यूहरु, पूर्व महासचिव ज्यूहरु तथा वरिष्ठ पर्यटन व्यवसायीहरु र वर्तमान कार्यसमिति बीच एक गहन संयुक्त बैठकको आयोजना गरियो । उक्त बैठकबाट टिम्सको आवश्यकता रहेको विषयलाई समेटी टिम्सको प्रभावकारी कार्यान्वयनको लागि पर्यटन विभागका महानिर्देशक ज्यूलाई रिपोट पेश गरियो ।

३. बन्द भएका टिम्स चेकपोस्टहरु (छुमुवा, लाङटाङ) क्षेत्रमा पुनः स्थापनाको लागि स्थानीयहरुसँग छलफल भएको छ । छिटै विस्थापित टिम्स चेकपोस्ट पुनः सञ्चालनमा आउने छ ।

४. अन्य पदयात्रा क्षेत्रहरुमा टिम्सको चेकपोस्ट स्थापना गर्ने क्रममा मकालु बरुन, मन्थली र रसुवा क्षेत्रका जिल्ला प्रशासन कार्यालयसँग छलफल भएको छ । निकट भविश्यमा ती क्षेत्रमा टिम्सको चेकपोस्ट स्थापना गर्ने योजना रहेको छ ।

५. टिम्स चेकपोस्ट स्थापना गर्ने क्रममा रसुवाको वेत्रावती क्षेत्रमा टिम्सको चेकपोस्ट स्थापना गरिएको छ सन् २०२० को जनवरी १ तारेखबाट सञ्चलानमा आउने छ ।

६. विश्व पर्यटन दिवसको अवसर पारेर इन्द्रदह हुदै कालुपाण्डे स्मारक क्षेत्रमा वृहत हाईकिङ्ग कार्यक्रमको आयोजना गरियो ।

७. पश्चिमाञ्चल क्षेत्रीय संघ पोखराको २६ औं वार्षिक साधारण सभामा संघका पदाधिकारी एवं सदस्यहरुले सहभागिता जनाउनुको साथै नजिकैको टिम्स चेकपोस्टहरुमा अनुगमन गरियो ।

८. रामेछाप, मन्थली क्षेत्रमा लुक्ला रामेछापको उडान सम्बन्धी समस्या लगायत अन्य पर्यटन सम्बन्धी समसामयिक विषयलाई लिएर मन्थली नगरपालिकाका नगर प्रमुख, प्रमुख जिल्ला अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकारणका प्रमख, उद्योग बाणिज्य संघ रामेछाप, प्रहरी नायव उपरिक्षक र यस संघका पदाधिकारी एवं सदस्यहरु बीच बैठकको आयोजना गरियो ।

९. विगत ५ वर्षदेखि टानले पाउनु पर्ने रकम तथा नेपाल पर्यटन बोर्ड र टानको संयुक्त कोषमा रहेको रकम चुलिएर बसेको छ । प्रवर्द्धनात्मक कार्यक्रमको लागि खर्च गर्न नसकिरहेको अवस्था छ । टिम्सको समस्या समाधानको लागि पूर्व अध्यक्ष श्री रमेश प्रसाद धमला ज्यूको संयोजकत्वमा ९ सदस्यीय टिम्स समस्या समाधान समिति गठन गरिएको छ । उक्त समितिले टिम्सका समस्याहरु समाधान गर्न सफल हुने छ भन्ने अपेक्षा गरिएको छ ।

१०. सिंधुपाल्चोक, रसुवा र रामेछाप क्षेत्रका स्थानीयहरुलाई आधारभुत कुक र आतिथ्य सत्कार तालिमको आयोजना गर्ने तयारी भएको छ ।

११. नेपाल भ्रमण वर्षको अवसर पारेर नयाँ वर्ष २०२० लाई लक्षीत गरि क्यालेन्डर र डायरी छपाउने तयारीमा रहेको छ । यी सामाग्रीहरु विभिन्न राजदुतावासहरुमा, विभिन्न देशहरुमा आयोजना हुने मेला तथा सेमिनारहरुमा वितरण गरिने योजना रहेकोले यसले पर्यटन प्रवर्द्धनमा सहयोगी भूमीका खेल्ने अपेक्षा गरिएको छ ।

१२. साधारण सदस्यहरुको संख्यामा वृद्धि भएको छ । वर्तमान कार्यसमिति प्रवेश गरे पश्चात ३० जना साधारण सदस्यहरुले साधारण सदस्यता लिएका छन् ।

१३. पदयात्रा क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन No trekking without guide and porter को सूचना बोर्ड त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको अध्यागमन विभाग परिसरमा राख्ने कार्य गरियो । सिघ्र नै नेपाल पर्यटन बोर्ड र टिम्स काउण्टर, ठमेल परिसरमा बोर्ड राख्ने तयारीमा रहेको छ । विदेशी पाहुनाहरु प्रवेस गर्ने क्षेत्रमा राखीएको यो सूचना बोर्डले गाईड र पोटर लिएर मात्र पदयात्रा जानै पर्ने जानकारी प्रदान गर्नेछ ।

१४. TAAN, UNITRAV, TGAN र अखिल नेपाल क्रन्तिकारी पर्यटन मजदुर संघका प्रतिनिधिहरुले वन तथा वातावरण मन्त्री माननीय शक्ति बहादुर बस्नेतसँग भेटभाट गर्‍यो । सगरमाथा राष्ट्रिय निकुञ्जले गाईडहरुलाई लिएको १५०० शुल्क अव्यवहारीक भएको, विभिन्न राष्ट्रिय निकुञ्जहरुमा वृद्धि गरिएको प्रवेस शुल्क, शिवपुरी नार्गाजुन राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र गरिने गतिविधिहरुको लागि प्रवेस शुल्कका साथै गतिविधि समेतको शुल्क, पदयात्रा क्षेत्रमा plastic जन्य बस्तुहरुलाई लैजान निरुत्साहीत गर्न वन तथा वातावरण मन्त्रालयले विशेष भूमिका खेल्न अनुरोध गर्दै ज्ञापन पत्र बुझायो ।

१५. ह्याम्स अस्पतालमा उपचार गर्ने संघका साधारण सदस्यहरुलाई १० प्रतिशत छुटको व्यवस्थाको लागि टान र ह्याम्स अस्पताल बीच सम्झौता भएको छ । निकट भविश्यमा अन्य अस्पतालहरु बीच पनि सम्झौता गर्ने तयारीमा संघ रहेको छ ।

१६. CWIN को समन्वय र PLAN Nepal को सहयोगमा टान सचिवालय तर्फ र टिम्स तर्फका कर्मचारीहरुलाई २ दिने Genter Equality र Motivation तालिममा सहभागी गराइयो ।

१७. नेपाल भ्रमण वर्ष २०२० को संघारमा रहदै गर्दा काठमाडौं उपत्यकाको प्रदुषण नियन्त्रण, शहर भित्रको बाटो घाटोको मर्मत सम्भार, फोहोर व्यवस्थान, शहरको सुन्दरता कार्यम राख्न अपनाउनु पर्ने कार्यहरु, ट्राफिक जामको समस्या लागायत पर्यटकहरुको आवगत जावत हुने विशेष स्थानहरुमा मेवाईल सौचालयको थप व्यवस्थापन गर्न वातावरण विभागका निर्देशकसँग भेटी सबैको सहयोग र समन्वयको लागि पहल गर्न अनुरोध गरियो ।

१८. CWIN को समन्वय र PLAN Nepal को सहयोगमा पर्यटन क्षेत्रमा काम गर्ने सबै कर्मचारीहरुलाई सुरक्षाको अनुभुति हुनको साथै एक मर्यादित काम गर्ने क्षेत्र महसुस होस भन्ने हेतुले Code of conduct तयार गरि हस्ताक्षर गरिएको छ । gender euqlaity, child protection, ethical hiring and decent work place विषयमा Code of conduct मा हस्ताक्षर गरिएको छ । यो Code of conduct पर्यटकहरुलाई र यस क्षेत्रमा काम गर्ने सबैको हितको लागि तयार गरिएको हो । यो Code of conduct लागू गर्न सबै साधारण सदस्यरुलाई फेसबुक तथा वेवसाईटमा राखी जानकारी गराउने योजना रहेकोछ ।

१९. नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसँग सहकार्य गरि सामान्य लेखपढ भएकाहरुका लागि trekking porter guide तालिम यही माघबाट सञ्चालन गर्न लागिएको छ ।

२०.संघका साधारण सदस्य ज्यूहरुलाई आफनो व्यवसायको प्रचार प्रसारका साथै नेपालको समेत प्रवर्द्धन गर्ने हेतुले सन् २०२० को February 8-9 मा Chicago र February 16-17 मा Los angles मा आयोजना हुने Travel Adventure Show मा हाम्रा साधारण सदस्य ज्यूहरुलाई सहभागीता गराउन १८ वटा स्टल बुक गरेका छौं ।

२१. निकट भविश्यमा मेलम्ची क्षेत्रमा टिम्स चेकपोस्ट स्थापना गर्ने तयारी भैएको छ ।

**वर्तमान कार्यसमितिका भवि योजना तथा कार्यक्रमः**

**नेपाल भ्रमण वर्ष २०२० मा निदृष्ट गरि राखीएका विशेष कार्यक्रमहरुः**

नेपाल भ्रमण वर्ष २०२० मा नेपाल सरकारले २० लाख पर्यटक भित्र्याउने लक्ष राखेको छ । व्यवसायीहरुले यसलाई एउटा राष्ट्रिय पर्वको रुपमा ग्रहण गरेका छन् । यो निर्णयले सबै पर्यटन व्यवसायीहरुलाई उत्साहीत बनाउनुको साथै एउटा सुवर्ण अवसर प्राप्त भएको अनुभूती गर्दै टानले यसलाई सफल बनाउन विभिन्न किसिमका कार्यक्रमहरुको आयोजना गर्ने तयारी गरेको छ । यो कार्यक्रमलाई सबै मिलेर भव्य र सभ्य रुपले सफल बनाउनु पर्दछ भन्ने हेतुले मिति २०७६ मंसीर २५ गते नेपाल भ्रमण वर्ष २०२० को सचिवालय र टान सचिवालय बीच निम्नानुसारका गतिविधिहरुको आयोजना गर्ने विषयमा तपसिल बमोजीमका महत्वपूर्ण प्रवर्द्धनात्मक सम्झौता भएको छ ।

तपसिल

**सहमतिका बुँदाहरुः**

१) आफ्ना सदस्य कम्पनीहरुले संचालन गर्ने सबै पदयात्रा प्याकेजमा विदेशी पदयात्रीहरुलाई २० प्रतिशत सम्मको छुटको व्यवस्था गर्न आव्हान तथा अनुरोध अनुरोध गर्नेछ र सोको आवश्यक अनुगमन गरी पहिलो पक्षलाई प्रगातिको जानकारी गराउनेछ । यसले दोश्रो पक्षलाई ८,००,००० पर्यटक भित्र्याउने जिम्मेबारी लक्ष्य पूरा गर्न सहयोग पुग्ने छ ।

२) पहिलो पक्ष, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड सहासिक पर्वतिय पर्यटन क्षेत्रका अन्य सरोकारवाला संघसंस्थाहरुसँगको सहकार्यमा नेपाल भ्रमण वर्ष २०२० भित्र नेपालमा विश्वभरीका १०० भन्दा बढी मुलुकका साहसिक खरिदकर्ता विकी कर्ताहरुलाई सहभागी गराई दोश्रो पक्षले नेपाल सहासिक पर्वतिय पर्यटन मार्ट (Nepal Adventure Mountain Tourism Mart) नेपालमा आयोजना गर्नेछ ।

३) पहिलो पक्ष र पर्यटनका विभिन्न सरोकारवाला संस्थाहरुसँगको सहकार्य र साझेदारीमा दोश्रो पक्षले नेपालका सुदुर पूर्व तथा सुदुरपश्चिम क्षेत्रहरुमा नयाँनयाँ पदयात्रा गन्तव्य स्थलहरुको खोज, अनुसन्धान तथा पहिचान गरी त्यसको बजारीकरणको लागि आवश्यक कार्य गर्नेछ । साथै नयाँ र भई रहेका पदयात्रा गन्तब्यहरुमा व्यवसायी र पत्रकारहरुको परिचयात्मक भ्रमण गराईनेछ ।

४) दोश्रो पक्षले नेपाल भ्रमण वर्ष २०२० सचिवालयसँग सहकार्य र समन्वय गरी भ्रमण वर्षलाई सफल बनाउनको लागि विभिन्न देशहरुमा अन्तर्राष्ट्रिय प्रवर्द्धन अभियानको आयोजना गर्नेछ ।

५) नेपाल भ्रमण वर्ष २०२० मा नेपाल आउने पर्यटकहरुको संख्यालाई मध्यनजर गरी दोश्रो पक्षले नेपाल भ्रमण वर्ष २०२० सचिवालय र पर्यटन क्षेत्रमा तालिम प्रदायक अन्य संस्थाहरुसँगको सहकार्य र साझेदारीमा सहासिक पर्वतिय पर्यटन क्षेत्रमा आवश्यक पर्ने कम्तिमा पनि ४००० जना व्यक्तिहरुलाई विभिन्न विषयमा तालिम प्रदान गरिनेछ ।

६) दोश्रो पक्षले नेपाल भ्रमण वर्ष २०२० लाई मध्यनजर गरी नेपालको सबै पदयात्रा क्षेत्रहरुको प्राकृतिक, सामाजिक र अन्य वातावरणहरुलाई समेत व्यवस्थित र संरक्षित गरी फोरमुक्त पदयात्राको व्यवस्था गरी पर्यापर्यटनको विकास र प्रवर्द्धन गर्न विभिन्न सरोकारवाला संस्थाहरुसँगको सहकार्यमा वातावरण संरक्षण र सम्वर्द्धनको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्नेछ ।

७) पहिलो पक्षले आयोजना जनवरी १ मा आयोजना गर्ने भ्रमण वषएको उदघाटन समारोहलाई प्रभावकारी बनाउनको लागि दोश्रो पक्षले पहिलो पक्षसँगको साझेदारीमा त्यस समयमा दोश्रो पक्षको सदस्य कम्पनीको कार्यक्रममा आएका र काठमाडौंमा रहेका अन्य विदेशी पर्यटकहरुलाई समेत सहभागि गराइ सन् २०२० को जनवरी पहिलो हप्ता भित्रको कुनै एक दिन नेवारी भोज कार्यक्रमको आयोजना गर्नेछ ।

८) दोश्रो पक्षले नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन र सो सन्दर्भमा नेपालको हिमाली र पहाडि भेगम बसोबास गर्ने मानिसहरुको धार्मिक, साँस्कृतिक र सामाजिक पहिचानलाई समेत प्रवर्द्धन गर्नको लागि नेपालमा रहेका कुटनीतिक नियोग र अन्य पर्यटनका सरोकारवालाहरुलाई समेत सहभागि गराई टान ल्होसार कार्यक्रम २०२० को भव्य आयोजना गर्नेछ ।

९) पहलो पक्षले दोश्रो पक्षलाई नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउनको लागि माथिका बुँदाहरुमा उल्लेख भएका विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्दा पहिलो पक्षले उत्पालन गरेका प्रचार सामग्रीहरु आवश्यकता अनुसार उपलव्ध गराउनेछ ।

१०) माथिका बुँदाहरुमा उल्लेख गरी संचालन गर्ने विभिन्न कार्यक्रमहरुको आर्थिक दायित्व दोश्रो पक्ष स्वयम्ले वेहोर्नेछ । तर यस समझदारी पत्रमा उल्लेख भई आपसरी साझेदारीमा संचालन गर्ने कार्यक्रमको लागि कार्यक्रमको आवश्यकता अनुसार तय भई दुई पक्ष समझदारीमा तय हुने आर्थिक दायित्व दुवै पक्षले साझेदारीको आधारमा वेहोर्नेछ ।

११) यस समझदारी पत्रमा उल्लेख भएको बुँदाहरुको प्रभावकारी कार्यान्वनको लागि दुबै पक्ष लागि पर्नेछं ।

टानले माथि उल्लेखित गतिविधिहरु बाहेक वार्षिक रुपमा आयोजना गर्दै आएको कार्यक्रमहरुलाई निरन्तरता दिने क्रममा संघसँग पर्याप्त आर्थिक श्रोत नभएता पनि नेपाल पर्यटन बोर्ड, नेपाल भ्रमण वर्षको सचिवालय साथै अन्य ठाउँबाट श्रोतको खोजी गरि कार्यक्रम सम्पन्न गरिने छ ।

Trekking Guide Training

Joint Lhosar Cultural Program

Everest Day / TAAN Day Program

World Environment day

Nepal Adventure Mountain Tourism Mart

TAAN International Barpak Marathon 2019

World Tourism Day

42nd AGM

Hiking Program every month, last week Saturday